प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**मिति २०७८ माघ ५ गते बसेको गण्डकी प्रदेशको सचिवस्तरीय बैठकका निर्णयहरु:**

१. प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुको बारेमा बैठकमा संक्षिप्त जानकारी गराइयो ।

२. सबै मन्त्रालय, निकायहरुको चालु आर्थिक बर्ष २०७८/०७९ को हालसम्म भए गरेको प्रगतिको संक्षिप्त प्रस्तुतीकरण एवं छलफल गरियो ।

३. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नयाँ भेरियण्ट ओमिक्रोन सहितको संक्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट नेपाल राजपत्रमा जारी गरेको ३६ बुँदे सुचनाको पूर्ण परिपालन गर्ने गराउने।

४. प्रदेश सरकार मन्त्रिपरिषद् बैठकमा पेश हुने प्रस्तावहरु सम्बन्धित मन्त्रालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समयमा नै उपलब्ध गराउने।

५. हालसम्म पनि खर्च नभएका, प्रकृयामा नगएका वा बाँकी अवधिमा खर्च हुन नसक्ने कार्यक्रम/आयोजनाको पहिचान गरी सो कार्यक्रम/आयोजनाको बजेट अर्थ मन्त्रालयलाई समर्पण (फिर्ता) को प्रकृयामा जाने।

६. गैर बजेटरी खर्चलाई निरुत्साहित गर्दै उपलब्ध श्रोत साधन र जनशक्तिको उच्चतम् सदुपयोग गर्ने।

७. तनहुँ आँबुखैरेनीमा नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको जग्गा कोभिड-१९ को होल्डिंङ सेन्टर स्थापना गर्नको लागि उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पहल गर्ने।

८. गण्डकी प्रदेशमा नयाँ स्थापना भएको आन्तरिक मामिला मन्त्रालयको लागि आवश्यक पर्ने भवनको व्यवस्थापनको लागि निम्नानुसारको समिति गठन गर्ने र उक्त समितिले ७(सात) दिन भित्र प्रतिवेदन पेश गर्ने।

| | |
|---|---|
| प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| प्रदेश सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| प्रदेश सचिव, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | -सदस्य |

९. हालै गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिवको जिम्मेवारीमा कार्यभार सम्हाल्न आउनु भएका प्रदेश सचिव श्री मनमाया भट्टराइ पंगेनीलाई हार्दिक स्वागत गर्दै आगामी सफल कार्यकालको शुभकामना व्यक्त गरियो।

प्रमुख सचिव